जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १७३ • २०८३ साल मंसिर १० गते विहीबार (26 November, Thursday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

मोदीले बालेनलाई दिए दिवंगत पिताको दुर्लभ तस्बिर



टुडे समाचारदाता

जनकपुरधाम । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका प्रधानमन्त्री बालेन्द्र साह (बालेन) लाई उनका दिवंगत पिता डा. रामनारायण शाहको विद्यार्थी जीवनको दुर्लभ तस्बिर उपहार दिएका छन्। बालेनको पहिलो राजकीय भारत भ्रमणका क्रममा मोदीले दिएको उक्त उपहारलाई विशेष भावनात्मक महत्वका रूपमा हेरिएको छ।

सो तस्बिर रामनारायणले भारतको गुजरातस्थित जामनगरको गुजरात आयुर्वेद विश्वविद्यालयमा अध्ययन गर्दाको हो । उनले सन् १९९४ देखि १९९८ सम्म त्यहाँको इन्स्टिच्युट अफ पोस्ट ग्राजुएट टिचिङ एन्ड रिसर्च इन आयुर्वेदमा कायचिकित्सा विषयमा स्नातकोत्तर (एमडी) गरेका थिए ।

संस्थानकी निर्देशक डा. तनुजा नेसारीले रामनारायण त्यतिबेला नेपाल सरकारका मेडिकल अफिसरका रूपमा कार्यरत थिए । उच्च शिक्षाका लागि भारत पुगेका उनले त्यहाँ चार वर्ष बिताएको स्मरण गरिन्।

त्यसक्रममा उनका छोरा बालेन पनि पितालाई भेट्न जामनगर पुगेका थिए । उनले विश्वविद्यालयको छात्रावासमा केही दिन बिताएको नेसारीले बताइन् । यसरी बालेनको बाल्यकालको सम्झनासमेत जोडिएको संस्थाको तस्बिर उपहार दिनुले भारतीय पक्षको सूक्ष्म तयारी झल्काएको छ।

सन् १९४८ मा महोत्तरीको एकडारा गाउँमा जन्मिएका रामनारायणको गत वर्ष मंसिर १५ गते ७७ वर्षको उमेरमा निधन भएको थियो । पिताको निधनपछि प्राप्त युवावस्थाको तस्बिर बालेनका लागि भावनात्मक उपहार बनेको छ।

मोदीले बालेनलाई गंगाजल, बनारसी ब्रोकेड रेशमी शाल तथा रामायणका सम्पूर्ण प्रसंग चित्रण गरिएको कलमकारी चित्र पनि दिएका थिए।

त्यसको प्रत्युत्तरमा बालेनले मोदीलाई पशुपतिनाथसँग सम्बन्धित रुद्राक्ष, शालिग्राम र चन्दनलगायत सामग्री उपहार दिएका थिए ।

देउवा पक्षमा मधेशका सांसद शून्य

३५ सांसद देउवा समूहमा, कारबाही चेतावनीपछि कांग्रेसभित्र तरंग

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसभित्र पूर्वसभापति शेरबहादुर देउवा र सभापति गगन कुमार थापा पक्षबीचको विवाद चर्किँदै गएको छ । शेरबहादुर देउवा समूहले छुट्टै महाधिवेशन गतिविधि अघि बढाएपछि सभापति थापाले त्यसमा सहभागी हुने पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई कारबाही गर्ने चेतावनी दिएका छन् । तर, पार्टीभित्रको यो विवादमा भने मधेश प्रदेशका कांग्रेस सांसद देउवा पक्षको गतिविधिमा सहभागी नभएको पाएको बताइएको छ ।



प्रदेशसभा सदस्यहरूको सहभागितालाई हेर्दा मधेश प्रदेश देउवा पक्षको प्रभावबाट बाहिर देखिएको एकजना पदाधिकारीले बैठकमा ब्रिफिंग गरेको जनाएको छ । अन्य प्रदेशमा प्रदेशसभा सदस्यदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म देउवा पक्षको महाधिवेशनमा सहभागी भइरहँदा मधेशमा भने कांग्रेसका कुनै पनि प्रदेशसभा सदस्य खुलेर देउवा पक्षमा उभिएका छैनन् । स्थानीय तहका प्रमुख तथा उपप्रमुखसमेत सक्रिय रूपमा देउवा पक्षमा देखिएका छैनन् ।

जसले गर्दा कांग्रेसभित्रको शक्ति संघर्षमा मधेश प्रदेशका जनप्रतिनिधिहरू तत्कालका लागि संयमित र तटस्थ देखिएको संकेत गरेको छ । यद्यपि, उनीहरू संस्थापन पक्षमै पूर्ण रूपमा खुलेर लागेको वा कुनै पक्षलाई समर्थन नगरेको भन्ने विषयमा स्पष्ट विवरण सार्वजनिक भएको छैन ।

मंगलबारदेखि शुरु भएको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा सभापति थापाले देउवा समूहको महाधिवेशनलाई अर्को पार्टीको गतिविधिका रूपमा व्याख्या गर्दै त्यसमा सहभागी हुने जनप्रतिनिधिलाई विधानअनुसार कारबाही गरिने बताएका थिए ।

उनले राष्ट्रियसभा, प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहमा कांग्रेसको चुनाव चिह्नबाट निर्वाचित भएका जनप्रतिनिधिले अर्को पार्टीमा आबद्ध हुने निर्णय गरे सम्बन्धित पदबाट राजीनामा दिनुपर्ने धारणा राखेका छन् । पार्टी छाडेर अर्को दलमा लाग्ने तर निर्वाचित पद नछाड्नेहरूलाई विधानअनुसार कारबाही गरिने उनको चेतावनी छ ।

सभापति थापाले पार्टी सभापतिको हैसियतले सबैलाई मिलाएर लैजान चाहेको भए पनि विधान कार्यान्वयन गर्नु आफ्नो जिम्मेवारी भएको बताएका छन् ।

देउवा समूहको महाधिवेशनमा सहभागी हुने प्रदेशसभा र राष्ट्रियसभाका सांसदको संख्या करिब ३५ रहेको समाचारमा उल्लेख छ। कोसी प्रदेशमा केदार कार्की, भुपेन्द्र राई, रामकुमार खत्री, इन्दिरा थापा, सुनिता गच्छदार र खगेश्वरी पौड्याल देउवा पक्षमा देखिएका छन् ।

बागमती प्रदेशमा १५ जना सांसद देउवा पक्षमा रहेको बताइएको छ । गण्डकीमा जीतबहादुर शेरचन, सरस्वती गुरुङ र दिपेन्द्रबहादुर थापा तथा लुम्बिनीमा सरोज थापा (रोज राणा), माया पुनलगायत चार जना सांसद देउवा पक्षमा देखिएका छन् ।

सुदूरपश्चिममा भने देउवा पक्षको प्रभाव अझ बलियो देखिएको छ । त्यहाँ संसदीय दलका नेता कमलबहादुर शाहसहित नौ जना प्रदेशसभा सदस्य देउवा पक्षमा उभिएका छन् । कांग्रेसका १७ सांसदमध्ये आठ जना मात्रै सभापति थापा पक्षमा रहेको विवरणमा उल्लेख छ । राष्ट्रियसभाका कृष्णप्रसाद सिटौला, आनन्द ढुंगाना, जीतजंग बस्नेत, कृष्णप्रसाद पौडेल, खम्बबहादुर खाती र जगत तिमिल्सिना पनि देउवा समूहमा छन् ।

यता, देउवा समूहमा सहभागी भएको विषयलाई लिएर सभापति थापाको चेतावनीप्रति केही नेताले आपत्ति जनाएका छन् । कोशी प्रदेशसभा सदस्य केदार कार्कीले थापाको अभिव्यक्तिलाई तनावको उपज भन्दै कारबाहीको चेतावनीबाट आफूहरू नतर्सिने प्रतिक्रिया दिएका छन् ।

कार्कीले जनाए अनुसार पार्टीको आधिकारिकतासम्बन्धी विवाद अदालतमा विचाराधीन छ । निर्वाचन आयोगमा पार्टीको विवरणसमेत अद्यावधिक नभएको अवस्थामा कारबाहीको चेतावनी दिनु उचित नभएको उनको तर्क छ ।

कांग्रेसभित्रको आधिकारिकता विवाद र दुई पक्षबीचको शक्ति संघर्षले पार्टीको संगठनात्मक एकतामाथि चुनौती थपेको छ। यस्तो अवस्थामा मधेश प्रदेशका सांसद तथा स्थानीय तहका जनप्रतिनिधिले कुन पक्षलाई साथ दिन्छन् भन्ने चासो बढेको छ । अहिलेसम्म देउवा समूहको महाधिवेशनमा मधेशका सांसदको सहभागिता नदेखिनुले यस प्रदेशको राजनीतिक समीकरण अन्य प्रदेशभन्दा फरक रहेको देखिन्छ ।

तर, पार्टीको विवादले थप राजनीतिक रूप लिँदै जाँदा मधेशका जनप्रतिनिधिको भूमिका र उनीहरूको आगामी निर्णयले कांग्रेसभित्रको शक्ति सन्तुलनमा प्रभाव पार्न सक्ने लगायतको विषयमा पनि छलफल भएको बताइन्छ ।

सुनको मूल्य घट्दा ऋणीमाथि दबाब, बैंकहरूद्वारा 'मार्जिन कल'

टुडे समाचारदाता

जनकपुरधाम । सुनको मूल्यमा आएको उच्च गिरावटसँगै सुनचाँदी धितो राखेर कर्जा लिएका ऋणीमाथि दबाब बढेको छ । धितोको बजार मूल्य घटेपछि बैंक तथा वित्तीय संस्थाहरूले केही ऋणीलाई थप धितो राख्न वा कर्जाको रकम घटाउन 'मार्जिन कल' गर्न थालेका छन् । यद्यपि बैंकहरूले सुनचाँदी धितोमा प्रवाह गरेको कर्जामा तत्काल ठूलो जोखिम नरहेको दाबी गरेका छन् ।

गत सातासम्म लगातार ओरालो लागेको सुनको मूल्य पछिल्लो दुई दिनमा केही सुधार भएको छ। नेपाली बजारमा १० महिनाअघि प्रतितोला ३ लाख ३९ हजार ३०० रुपैयाँसम्म पुगेको सुनको मूल्य गत आइतबार २ लाख ४२ हजार ८०० रुपैयाँमा झरेको थियो । उच्च बिन्दुबाट सुनको मूल्य प्रतितोला ९७ हजार रुपैयाँसम्म घटेपछि सुन धितोमा कर्जा लिएका ग्राहक प्रभावित भएका हुन् ।

बैंकहरूले सामान्यतया धितोमा राखिएको सुनको मूल्यांकनका आधारमा ७० देखि ८० प्रतिशतसम्म कर्जा प्रवाह गर्दै आएका छन् । तर बजार मूल्यमा उल्लेख्य गिरावट आएपछि कर्जा र धितोको अनुपात कायम राख्न ग्राहकलाई थप सुन राख्न वा ऋणको केही रकम भुक्तानी गर्न आग्रह गरिएको छ ।

एनआईसी एशिया बैंकका प्रमुख कार्यकारी अधिकृत सुजित शाक्यले सुनको मूल्य घट्दा मार्जिन कल गर्नु सामान्य बैंकिङ प्रक्रिया भएको बताए । उनका अनुसार सुनको मूल्य लामो समय प्रतितोला २ लाख ९० हजारदेखि ३ लाख १० हजार रुपैयाँको बीचमा रहेर एक्कासि २ लाख ४० हजारको हाराहारीमा झरेपछि केही ग्राहकलाई थप धितो राख्न भनिएको छ ।

उनले बैंकले गहनामा ७० प्रतिशत र हलमार्क सुनमा ८० प्रतिशतसम्म कर्जा दिने गरेको जानकारी दिए । कर्जा प्रवाह गर्नुअघि सुनको परीक्षण गरी जर्ती कटाएर सुरक्षित मार्जिन राखिने भएकाले बैंकलाई ठूलो जोखिम नरहेको उनको भनाइ छ । केही ग्राहकलाई ५ देखि १० हजार रुपैयाँदेखि बढीमा १ लाख रुपैयाँसम्म थप धितो राख्न वा कर्जा घटाउन आग्रह गरिएको उनले बताए ।

नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेयले भने आफ्नो बैंकको सुनचाँदी धितो कर्जामा तत्काल मार्जिन कल गर्नुपर्ने अवस्था नरहेको बताए । उनका अनुसार



> राष्ट्र बैंकको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सुनचाँदी धितोमा १ खर्ब २९ अर्ब ९६ करोड रुपैयाँ कर्जा प्रवाह गरेका छन् । गत असार मसान्तमा यस्तो कर्जा १ खर्ब २५ अर्ब ९४ करोड रुपैयाँ थियो ।

बैंकले औसतमा प्रतितोला १ लाख ६० हजार रुपैयाँसम्म मात्र कर्जा लगानी गरेको छ । गहनामा जर्ती कटाएर ७० प्रतिशतसम्म कर्जा दिने नीतिका कारण सुनको मूल्य प्रतितोला २ लाख २० हजार रुपैयाँसम्म झर्दा पनि बैंकको कर्जा सुरक्षित रहने उनको दाबी छ ।

नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार सुनचाँदी धितो कर्जाको एकल ग्राहक सीमा ५० लाख रुपैयाँ कायम गरिएको छ । धितोमा राखिएको सुन वा चाँदीको परीक्षण गरी कर्जा सुरक्षित रहेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था छ । साथै धितोको मूल्यांकन, सुरक्षा, ढुकुटी बीमा तथा जाँचकीसम्बन्धी आवश्यक व्यवस्था गर्नुपर्ने निर्देशनमा उल्लेख गरिएको छ ।


राष्ट्र बैंकको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सुनचाँदी धितोमा १ खर्ब २९ अर्ब ९६ करोड रुपैयाँ कर्जा प्रवाह गरेका छन् । गत असार मसान्तमा यस्तो कर्जा १ खर्ब २५ अर्ब ९४ करोड रुपैयाँ मात्रै रहेको थियो । यसअनुसार एक वर्षमा सुनचाँदी धितो कर्जा ५० प्रतिशतभन्दा बढीले बढेको छ ।

सुनचाँदी धितोमा सबैभन्दा धेरै कर्जा प्रवाह गर्नेमा नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र प्राइम कमर्सियल बैंक रहेका छन् । असोज मसान्तसम्म नेपाल बैंकले ५५ अर्ब ९४ करोड, राष्ट्रिय वाणिज्य बैंकले ४२ अर्ब ५५ करोड ९० लाख र प्राइम कमर्सियल बैंकले १० अर्ब ८५ करोड रुपैयाँ कर्जा प्रवाह गरेका छन् । नबिल बैंकको यस्तो कर्जा ४ अर्ब २ करोड र नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको ३ अर्ब २२ करोड रुपैयाँ रहेको छ ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य घट्नुमा विश्व सेयर बजारको गिरावट, तरलताको माग, अमेरिकी डलरको मजबुती र ब्याजदर बढ्ने अपेक्षालाई प्रमुख कारण मानिएको छ। प्रविधि तथा कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी कम्पनीको सेयर मूल्य घटेपछि लगानीकर्ताले घाटा पूर्ति गर्न सुन बिक्री गर्दा बजारमा बिक्री चाप बढेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

त्यस्तै, अमेरिका-इरान तनावका कारण बढेको तेलको मूल्य र मुद्रास्फीतिको दबाबले अमेरिकी केन्द्रीय बैंकले ब्याजदर बढाउन सक्ने अनुमानले पनि सुनको आकर्षण घटाएको छ। आगामी दिनमा अमेरिकी मुद्रास्फीतिसम्बन्धी तथ्यांक र ब्याजदरसम्बन्धी निर्णयले सुनको मूल्यको दिशा निर्धारण गर्ने देखिन्छ ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

प्रधानमन्त्री बालेनलाई भारतको उच्च सम्मान

प्रधानमन्त्री बालेन्द्र साह(बालेन)लाई भारतले उच्च सम्मान गरेको छ। भारत भ्रमणको क्रममा औपचारिक रुपमा गरिएको सम्मान बाहेक प्रधानमन्त्री बालेनलाई जलविद्युत आयोजना, रेलमार्ग, रेल सञ्चालन लगायतका कयौँ योजनाहरु उपहार दिएको छ । भारतले विगतदेखि नै नेपालको विकासमा सहयोग गर्दै आएको छ । शिक्षा, स्वास्थ्य, पूर्वाधार लगायतको क्षेत्रमा भारतले नेपाललाई सहयोगगर्दै आएकोमा हाल रेल लगायतको क्षेत्रमा सहयोगको सुरुवात गरेको छ । पहिलो पटक नेपालको जनकपुरधामको धार्मिक महत्वलाई बिस्तार गर्न अयोध्याधामसित रेलमार्गले जोडिएको छ । यसले नेपाल र भारतमा पर्यटन प्रबर्द्धनमा ठूलो सहयोग मिल्नेछ । भारतले सहयोग बिस्तार गर्दै जलविद्युत, रक्सौल-काठमाण्डु रेलमार्ग, पूर्वपश्चिम रेलमार्ग निर्माणको लागि समेत सहमति गरिएको छ । नेपाल र भारतबीच सहकार्य गर्ने पर्याप्त सम्भावनाहरु छन् । त्यसको पहिचान गरी दुबै देशले सहकार्य गरे प्रगतिको पनि प्रचुर सम्भावना छ । नेपालको विकासमा भारतले सहयोग गर्ने क्रमलाई निरन्तरता र बिस्तार गरिएको छ । देशलाई विकास गर्न अब सहकार्य आवश्यक छ । प्रधानमन्त्री बालेनले भारत भ्रमणको क्रममा नेपाल र नेपालीको शिर निहुराउने कुनै कार्य गरेनन् । भारतीय समकक्षी नरेन्द्र मोदीले बालेनलाई गरेको सम्मान बिगतका प्रधानमन्त्रीहरुलाई गरेको भन्दा कम सम्मान गरिएन । राजनीतिमा बालेन नयाँ हुन् । तर उनीमा आत्मविश्वास बलियो छ ।उ नले संसारमै ख्याति प्राप्त प्रधानमन्त्री मोदीसित सहज ढंगले देशहीतका एजेण्डाहरुमा सहमति गराए । केही विषयहरु हरेक प्रधानमन्त्री भ्रमणको क्रममा अनिर्णित रहने गरेका थिए । त्यस्ता विषयहरुलाई पनि बालेनले सहमति जुटाएका छन् । प्रधानमन्त्री साहको भ्रमणले नेपालको विभिन्न क्षेत्रमा विकासको बाटो खोलेको छ। नेपाल र भारत सहकार्यबाट जति प्रगति गर्न सक्छ। त्यति अन्य कुनै पनि देशसित गर्न सक्दैन । नेपालको छिमेकी चीन पनि हो । तर भारतसितको सम्बन्ध विशिष्ट छ। नेपालीहरुले भारतको स्वतन्त्रता संग्राममा भाग लिएका थिए । भारतीयहरुले पनि नेपालको लोकतान्त्रिक आन्दोलनमा योगदान गरेका थिए । दुई देशबीचको सम्बन्धलाई प्रगाढ बनाउन भारतले नेपालका प्रधानमन्त्रीलाई सम्मान गरेको छ । नेपालको हरेक क्षेत्रमा भारतसितको सहकार्यले ठूलो उपलब्धि हासिल हुन सक्छ । प्रधानमन्त्री बालेनको सम्मान नेपाल र नेपालीको सम्मान हो । भारतले प्रधानमन्त्री बालेनमार्फत नेपाल र नेपालीप्रति दर्शाएको सम्मानले दुई देशबीचको सम्बन्ध बलियो हुनेछ। विगतको जस्तो आलोचना योग्य कुनै काम भारतमा देखिएन। भारतले प्रधानमन्त्री बालेनलाई नेपाल बनाउन सक्ने क्षमतावान् रहेको विश्वास व्यक्त गरेको छ। प्रधानमन्त्री मोदीले बालेनसितको भेटमा प्रशंसा गरेका हुन् । प्रधानमन्त्री बालेनले भारतबाट पहिलो द्विपक्षीय यात्रा प्रारम्भ गरेका छन् । उनको यस्तै उपलब्धिमुलक अन्य भ्रमणहरु पनि होस् । नेपाल र भारतबीचको मैत्रीपूर्ण सम्बन्ध सँधै फैलिरहोस् ।

लैंगिक हिंसा अन्त्यका लागि न्यायमा पहुँच र आर्थिक सशक्तीकरण आवश्यक: मन्त्री बादी

ललितपुर । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले लैङ्गिक हिंसा अन्त्यका लागि न्यायमा पहुँच र आर्थिक सशक्तीकरण आवश्यक रहेको बताउनुभएको छ।

लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको शुभारम्भ कार्यक्रमलाई आज यहाँ सम्बोधन गर्नुहुँदै मन्त्री बादीले लैंगिक हिंसा अन्त्यका लागि पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता गर्न न्याय प्रणालीलाई सहज, छिटो, छरितो र कम खर्चिलो बनाउनुपर्नेमा जोड दिनुभयो ।

"हिंसापीडितको न्यायमा पहुँच सुनिश्चित गर्न आर्थिक तथा सामाजिक अवरोध हटाउनु आवश्यक छ, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार १५ देखि ४९ वर्ष उमेर समूहका २३ प्रतिशत महिलाले शारीरिक हिंसा र आठ प्रतिशतले यौन हिंसा भोगेको तथ्याङ्क छ । हिंसा प्रभावितमध्ये ५८ प्रतिशतले कसैसँग सहयोग नमागेको र न्यायका लागि पहल नगरेको तथ्य सार्वजनिक भएको छ, सामाजिक लाञ्छना, प्रतिशोधको डर, कानुनी सहायता अभाव र आर्थिक परनिर्भरता जस्ता पक्ष न्याय प्राप्तिमा बाधक बनेका छन्, त्यसतर्फ ध्यान जान आवश्यक छ।", मन्त्री बादीले भन्नुभयो ।

उहाँले लैङ्गिक हिंसाले प्रभावितको शिक्षा, रोजगारी, उत्पादकत्व र आयआर्जनमा प्रत्यक्ष असर पार्नुका साथै स्वास्थ्य उपचार, कानुनी प्रक्रिया र मनोसामाजिक परामर्शमा आर्थिक भार थप्ने बताउनुभयो । सरकारले लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना तयार गरी पीडितको उद्धार, संरक्षण, पुनःस्थापना, निःशुल्क कानुनी सहायता, सुरक्षित आवास गृह तथा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमार्फत सेवा विस्तार गरिरहेको उहाँले जानकारी दिनुभयो ।

मन्त्री बादीले लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारी कार्यान्वयन, तीनै तहका सरकारबीच समन्वय र निजी क्षेत्रसहित सबै सरोकारवालाको सहकार्यबाट हिंसामुक्त तथा आर्थिक रूपमा सबल समाज निर्माण हुने यथार्थलाई आत्मसात् गरी अघि बढ्न अनुरोध गर्नुभयो । राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले लैङ्गिक हिंसा न्यूनीकरण तथा अन्त्यका लागि सम्बद्ध सबै पक्षबीच सहकार्य गरी सहज पहुँचसहित न्याय सुनिश्चित गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले हिंसा प्रभावित महिलालाई निःशुल्क कानुनी सहायता, सुरक्षित आवास, मनोसामाजिक परामर्श, पुनःस्थापना र आर्थिक सशक्तीकरणका अवसर उपलब्ध गराउँदै लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । रासस

भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

सुचना प्रकाशन मिति : २०८३।०८।१०

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय ईश्वरपुर, सर्लाही

क्र. सं.	ग्राहकको नाम	ठेगाना	पिता/पतिको नाम	बाजे/ससुराको नाम	मिसिल नं.	कर्जाको प्रयोजन	सावा रकम रु.	२०८३।०७।३० सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नु पर्ने रकम
१	प्रियान्सु कन्स्ट्रक्सन प्रा.लि.(प्रो. राम लखन साह तेली)	पर्सा १	असर्फि साह	जैसी साह	३८५१	व्यापार	१२०००००	४७८४५	१२४७८४५
२	रामपृत साहनी	ईश्वरपूर १३	सूखारी सहनी	दशै सहनी	३७४६	सरल कृषि कर्जा	४०००००	९२००	४०९२००
३	सिलावती देवी दुसाध	हरिपुर्वा ३	निर्गून पासवान	सिताराम पासवान	३५३४	सरल कृषि कर्जा	१५०००००	३३११	१५३३११
४	दिपेन्द्र कुमार साह	पर्सा ६	विन्देश्वर प्रसाद साह	लक्ष्मी साह तेली	३९७७	सरल कृषि कर्जा	७०००००	१५५००	७१५५००
५	दिपिका बहुउदेश्य कृषि फर्म प्रा.लि.(संजय साह)	चन्द्रनगर ७	सिनेही साह	प्रचु साह	४३१९	मत्स्य पालन	१५०००००००	७३२०००	१५७३२०००
६	प्रेमा देवी सुडी	ईश्वरपूर ८	सीताराम महतो	चुल्हाई महतो	३४५९	सरल कृषि कर्जा	२५०००००	७०००	२५७०००
७	सुनैना देवी	हरिपुर्वा ९	महावीर राय यादव	रामवरण राय	४४३९	सरल कृषि कर्जा	२००००००	३२५००	२०३२५००
८	ओम प्रकाश साह	हरिपुर्वा ५	महेन्द्र साह	देव नारायण साह	३९८५	सरल कृषि कर्जा	५०००००	८१००	५०८१००
९	सुरेन्द्र पासवान	चन्द्रनगर ४	रामचन्द्र पासवान	सरयूग पासवान	४०७४	सरल कृषि कर्जा	८५०००००	१६३००	८६६३००
१०	रामचन्द्र राय	किसनपुर ७	रुदल राय यादव	फकिरा राय	३६७२	सरल कृषि कर्जा	३०००००	६१००	३०६१००
११	राहुल खाद्यन सप्लायर्स एण्ड किराना(प्रो.रामेश्वर पसाद महतो)	किसनपुर १	छबिलाल महतो कोईरी	बाबुलाल महतो	३७७७	व्यापार	७०००००	७००००	७७०००००
१२	किरण पोल्ट्री फर्म प्रो.लालबाबु साह)	चन्द्रनगर १	रामपदार्थ साह	हुलास साह	३३११	कुखुरापालन	३५०००००	७००००	३५७०००००
						जम्मा	२५५५००००	१०१७८५६	२६५६७८५६

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय हरिवन, सर्लाही

क्र. सं.	ग्राहकको नाम	ठेगाना	पिता/पतिको नाम	बाजे/ससुराको नाम	मिसिल नं.	कर्जाको प्रयोजन	सावा रकम रु.	२०८३।०७।३० सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नु पर्ने रकम
१	हरिवन चार्जीङ्ग प्वाईन्ट (प्रो. दिपा रिमाल)	हरिवन-११	दिपक कुमार लुईटेल	प्रेम प्रसाद लुईटेल	४२३	सेवा कर्जा	२५५००००	३३८२५६	२८८८२५६
						जम्मा	२५५००००	३३८२५६	२८८८२५६

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय नवलपुर, सर्लाही

क्र. सं.	ग्राहकको नाम	ठेगाना	पिता/पतिको नाम	बाजे/ससुराको नाम	मिसिल नं.	कर्जाको प्रयोजन	सावा रकम रु.	२०८३।०७।३० सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नु पर्ने रकम
१	बंगलिया पासवान	लालबन्दी-०२	पंजाबी पासवान	रौउदी पासवान	६८५७	घरायसी	४०००००	११२०४।१३	४११२०४।१३
						जम्मा	४०००००	११२०४।१३	४११२०४।१३

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, विरगंज

दशौँ राष्ट्रिय खेलकुद: फुटबलमा त्रिभुवन आर्मी क्लब विजयी

कर्णाली । दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तरगत आज भएको पुरुष फुटबल खेलमा त्रिभुवन आर्मी क्लब विजयी भएको छ ।

कर्णाली प्रदेश रंगशाला सुर्खेत वीरेन्द्रनगरमा भएको पहिलो खेलमा त्रिभुवन आर्मी क्लबले लुम्बिनी प्रदेशलाई ३-० ले हराउँदै विजय सुरुआत गरेको हो । आर्मी क्लबका भरत खवासले २३औँ मिनेटमा पहिलो र लाकेन लिम्बुले ५२ औँ दोस्रो मिनेटमा दोस्रो गोल हान्दै आफ्नो टोलीको जीत सुरुआत गर्नुभएको थियो ।

खेलको ६४औँ मिनेटमा भने लुम्बिनी प्रदेशका विकास लिम्बुले बल क्लियर गर्ने क्रममा आत्मघाती गोल हान्दा आर्मी क्लबको गोलमा अङ्क बढेर तीन पुग्यो । उक्त खेलमा लुम्बिनी प्रदेशका फागुराम थारुलाई पहेँलो कार्ड देखाइएको म्याच अफिसर वीरेन्द्र पाण्डेले जानकारी दिनुभयो । दोस्रो खेल कोशी र बागमती प्रदेशबीच आजै हुने राष्ट्रिय खेलकुद परिषद्ले जनाएको छ । रासस

माईग्रेशन हरायो

रौतहट जिल्लाको दुर्गा भगवती गाउँ पालिका वार्ड नं.-४ पचरुखीबाट गंगापिपरा बजार जाने क्रममा मिति २०८२।९।२७ गतेका दिन माइग्रेसन सर्टिफिकेट वाटोमा हराएको हुनाले पाउनुहुने महानुभावले नजिक को प्रहरी कार्यालय, वा सम्वन्धित व्यक्तिको मोबाइल नं. मा जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ।

नाम : श्याम सुन्दर राय
सिम्बोल नं.: २३२०००६०
ठेगाना: दुर्गा भगवती गाउँ पालिका वार्ड नं.-४ पचरुखी
मो.नं. ९७४४८६४१४६

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०८/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय वीरगंज, पर्साबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, थप व्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८३/०८/१६ गते/स्थान : शाखा कार्यालय वीरगंज, पर्सा — **२०८३/०८/१८ गते, शुक्रबार दिनको ३ बजे**

क्र.सं.	शाखा कार्यालय : वीरगंज, पर्सा
	ऋणीको नाम, ठेगाना
१.	**नाम : पवन कुमार कुर्मी** ना.प्र.नं. ०५२३२४२५, जि.प्र.का.पर्सा, जारी मिति : २०५६/०२/३० बाबुको नाम : शंकर राउत कुर्मी, बाजेको नाम : जानकी राउत कुर्मी ठेगाना : पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८
	जमानतकर्ताको विवरण
	१. नाम : वसकलिया कुर्मिन ना.प्र.नं. ०५२३०७४८, जि.प्र.का. पर्सा जारी मिति : २०४३/१०/१६ पतिको नाम : शंकर राउत कुर्मी ससुराको नाम : जानकी राउत कुर्मी ठेगाना : पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८
	२. नाम : शंकर राउत कुर्मी ना.प्र.नं. ०५२३०७४७, जि.प्र.का. पर्सा जारी मिति : २०३५/०५/२३, बाबुको नाम :जानकी राउत कुर्मी बाजेको नाम : जगदीश राउत कुर्मी ठेगाना : पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८
	३. नाम : राजमती देवी ना.प्र.नं. ३४१००७/७४१, जि.प्र.का.पर्सा, जारी मिति : २०६८/०२/१२ पतिको नाम : पवन कुमार कुर्मी, ससुराको नाम : शंकर राउत कुर्मी ठेगाना : पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८
	धितोको विवरण
	शंकर राउत कुर्मीको नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, बहुअर्वाभाठा वडा नं. ८ स्थित कित्ता नं. ११९२ को क्षेत्रफल ०-०-१३-१० भएको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : वीरगंज, पर्सा, फोन नं. ०५१-५२४८३६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम

कनिका र ब्रान बिक्री गर्ने सम्बन्धमा गोप्य सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

तेस्रो पटक प्रकाशित मिति २०८३/०८/१० गते

खाद्य व्यवस्था तथा व्यापार क.लि. प्रादेशिक कार्यालय जनकपुरधामको गोदाम मौज्दातमा रहेको १४,०१३.०८ क्वी. सोना मंसुली धान कुटानी भई प्राप्त हुने उप-पदार्थहरु कनिका र ब्रान बिक्री गर्नुपर्ने भएकोले कम्पनीले तोकेको तपसिल बमोजिमको न्युनतम मूल्यमा नघट्ने गरी ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट उल्लेखित शर्तहरुको अधिनमा रहि ७ (सात) दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन तपसिलमा उल्लेखित भएबमोजिम उक्त कार्य हुनेछ।

तपसिल:-

क्र. सं.	उप-पदार्थको नाम	ईकाइ	बिक्री हुने मोटामोटी परिमाण	कम्पनिले तोकेको न्युनतम मूल्य	दरभाउ पेश गर्दा राख्नुपर्ने धरौटी रकम	दरभाउपत्र बिक्री गर्ने/ खोल्ने कार्यालय
१.	कनिका	क्वी.	५७५.००	३,८१०/-	५४,७६८/७५	कम्पनीको मधेश प्रादेशिक कार्यालय जनकपुरधाम, मुजेलिया
२.	ब्रान	क्वी.	९४०.००	३,६२५/-	८५,१८७/५०	

शर्तहरु:-

१. दरभाउपत्र फारम मिति २०८३/०८/१६ गते सम्म पछि फिर्ता नहुने गरि प्रत्येक उप-पदार्थहरुका लागी छुट्टाछुट्टै दरभाउपत्र रु. १०००/-(रु एक हजार) मात्र का दरले कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। सो फारम यस कम्पनिको मधेस प्रादेशिक कार्यालयमा नगद जम्मा गरी प्राप्त गर्न सकिने छ वा यस कम्पनिको प्रधान कार्यालयको नाममा नेपाल बैंक लिमिटेड स्थित खाता नं ००२००१००५०२४२४०००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी प्राप्त गर्न सकिने छ ।

२. दरभाउपत्रदाताले दरभाउपत्र साथ कम्पनी /फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर वा स्थायी लेखा नं, फर्म रजिष्ट्रेशन प्रमाण पत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि , नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न राख्नुपर्ने छ ।

३. दरभाउपत्र साथ कनिका र ब्रान आफुले कबोल गरेको मूल्यको २.५% (दुई दशमलब पाँच प्रतिशत)ले हुन आउने रकम यस कम्पनीको प्रधान कार्यालयको काठमाडौंको नेपाल बैक लि.को नाममा रहेको च.हि.नं.००२००१००५०२४२४०००००१ मा जम्मा गरेको सक्कलै भौचर वा यस प्रादेशिक कार्यालयमा नगद जम्मा गरेको नगदि रसिद सिलबन्दी दरभाउपत्र साथ संलग्न राखी पेश गर्नुपर्ने छ ।

४. दरभाउपत्र मिति २०८३/०८/१७ गते दिनको १२:०० बजे सम्म पेश गरी सक्नुपर्नेछ। पेश हुन आएको दरभाउपत्र सोहि दिनको २:०० बजे यस कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा हुने छैन ।

५. दरभाउपत्रदाताले कनिका र ब्रान प्रति क्वी. का दरले दरभाउपत्र आफुले गर्न चाहेको दररेट अंक र अक्षरमा समेत प्रष्ट रुपमा उल्लेख गरेको हुनुपर्छ ।

६. दरभाउपत्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कम्पनिमा रहनेछ ।

७. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र आफुले कबोल गरेको मूल्यले हुन रकमको बाँकी थप २.५% (दुई दशमलब पाँच प्रतिशत) धरौटी रकम सहित कुल ५% धरौटी रकम जम्मा गरी सम्झौता गर्न आउनु पर्ने छ ।

८. रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्याता दिईने छैन ।

९. कनिका र ब्रान जे जस्तो अवस्थामा रहेको छ। सोहि अवस्थामा उठाई लैजानुपर्ने छ ।

१०. यस सम्बन्धी अन्य थप जानकारी लिन चाहेमा मो.न.९८५४०२७२४७ वा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम
मो.नं.९८५४०२७२४७

एमबीबीएसमा नाम निकाल्ने विद्यार्थीहरुलाई सम्मान



टुडे समाचारदाता

जनकपुरधाम । चिकित्सा अध्ययनतर्फ पूर्ण छात्रवृतिमा नाम निकाल्न सफल भएका आफ्ना विद्यार्थीहरुलाई जनकपुरधामस्थित मिट क्याम्पसले बधाई ज्ञापन गर्दै सम्मान गरेका छन् ।

बुधवार क्याम्पसमै एक कार्यक्रम आयोजना गरी त्रिभुवन युनिभरसिटी अन्तर्गत चिकित्सा अध्ययनतर्फ एमबीबीएस २०८३ मा पूर्ण छात्रवृतिमा नाम निकाल्न सफल भएका आस्था झा, प्रिन्स झा र चन्दनलाई दोसल्ला ओढाई तथा अबीरको टिका लगाई बधाईसहित सम्मान गरिएको छ ।

आस्था झाले ८२ औं, प्रिन्स झाले १४६ औं र चन्दन यादवले १९९ औं रैंकमा नाम निकाल्न सफल भएको हो । ती सफल विद्यार्थीहरुलाई क्याम्पसका संस्थापक प्रिन्सिपल मनोज साह, प्राध्यापक मिथिलेश झा, राकेश रञ्जन झा, अभिभावकहरु र नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य राजेश कुमार कर्णसहित उपस्थित शिक्षकहरुले सम्मान गरेका थिए ।

सो सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै विद्यार्थीहरुले गरे जे पनि हुन सक्ने भन्ने अठोतता व्यक्त गरेका थिए । उनीहरुले एमबीबीएसमा काठमाण्डू नै गएर नाम निकाल्न सकिन्छ भन्ने जरुरी छैन । आफूहरु घरमै तयारी गरेर नाम निकाल्न सफल भएको बताएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्ने शिक्षक तथा प्राध्यापकहरुले बधाई ज्ञापन गर्दै शिक्षकहरुले दिएको होमवर्क र घरमा अतिरिक्त तयारी गरे एमबीबीएस लगायत कुनैपनि प्रतिष्धर्धामा नाम निकाल्न गाह्रो छैन भन्ने विश्वास व्यक्त गरेका थिए ।

पोषण सम्बन्धी कार्यक्रम रद्द

टुडे समाचारदाता

राजविराज । बालबालिका, गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी सञ्चालन गर्न लागेको पोषणसम्बन्धी कार्यक्रमको आशयपत्र (ईओआई) आह्वान प्रक्रिया सप्तरीको बोदेबरसाइन नगरपालिकाले रद्द गरेको छ ।

गत कात्तिक २० गते २ करोड ९३ लाख रुपैयाँको लागतमा कार्यक्रम सञ्चालन गर्न परामर्श सेवा उपलब्ध गराउने योग्य संस्था, कम्पनी तथा फर्मबाट आशयपत्र माग गरेको थियो। नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट प्राप्त विशेष अनुदानमार्फत कार्यक्रम सञ्चालन गर्ने तयारी नगरपालिकाले गरेको थियो ।

नगरपालिकाले मंसिर ७ गते दिउँसो १२ बजेसम्म हार्डकपीमार्फत आशयपत्र पेस गर्ने समयसीमा तोकेको थियो। तर, त्यसअघि नै मंसिर ४ गते सूचना प्रकाशित गरी आशयपत्र आह्वान प्रक्रिया रद्द गरेको हो। रद्दसम्बन्धी सूचना निमित्त प्रमुख प्रशासकीय अधिकृत रामसागर यादवले जारी गरेका थिए ।

आशयपत्र आह्वान प्रक्रिया रद्द गर्नुको कारणबारे यादवले टेन्डर खरिद प्रक्रिया नै त्रुटिपूर्ण रहेकाले सूचना रद्द गरिएको बताए। उनका अनुसार परामर्श सेवा र खरिद सेवाका लागि छुट्टाछुट्टै सूचना आह्वान गर्नुपर्नेमा एउटै प्रक्रियाबाट अघि बढाइएको थियो ।



उता, नगरपालिकाका केही कर्मचारीले भने कार्यक्रम सञ्चालनको लागत र त्यसमा बाह्य परामर्शदाता नियुक्त गर्ने प्रक्रियाबारे प्रश्न उठाएका छन्। उनीहरूका अनुसार नेपालमा पोषण क्षेत्रमा काम गर्ने सेवा प्रदायक संस्था सीमित छन् । कार्यक्रम पालिकामै उपलब्ध जनशक्तिबाट सञ्चालन गर्न सके ५० देखि ५४ लाख रुपैयाँमै लक्षित वर्गसम्म सेवा पुऱ्याउन सकिने उनीहरूको दाबी छ ।

कार्यक्रममा केही स्वार्थ समूह सक्रिय रहेको र आगामी स्थानीय तह निर्वाचनका कारण विवादमा पर्ने आशंकाले कर्मचारीले आशयपत्र आह्वान प्रक्रिया बीचमै रद्द गरेको ती स्रोतको भनाइ छ। यद्यपि, नगरपालिकाले आशयपत्र रद्द गर्नुको विस्तृत कारणसहितको सूचना सार्वजनिक गरेको छैन ।

बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको पोषण अवस्था सुधार गर्ने उद्देश्यले ल्याइएको कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन सके मातृ तथा बाल स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण र पोषणसम्बन्धी जनचेतना अभिवृद्धिमासहयोगपुग्नसक्छ। तर, कार्यक्रमको लागत, परामर्श सेवा खरिदको औचित्यर कार्यान्वयनको विधिबारे स्पष्टता नहुँदा यसको पारदर्शिता र प्रभावकारितामाथि प्रश्न उठेको छ ।

हात्तीको आक्रमणबाट सप्तरीमा एक जनाको मृत्यु

सप्तरी । सप्तरीको रुपनी गाउँपालिकामा हात्तीको आक्रमणबाट एक जनाको मृत्यु भएको छ । आज १:०० बजे हात्तीको आक्रमणमा परी सोही पालिका-६ वीरेन्द्र बजारका ५३ वर्षीय सुवबहादुर श्रेष्ठको घटनास्थलमा मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता हेमराज घिमिरेका अनुसार बस्तीमा हात्ती आएको थाहा पाएपछि घरनजिकै आगो बालेर बसिरहेका श्रेष्ठलाई हात्तीले आक्रमण गरेको हो । निजका छोरा अर्जुन भागेर ज्यान जोगाउन सफल हुनुभएको छ । एक सातादेखि हात्तीको ठूलो बथान रुपनीमा प्रवेश गरेपछि स्थानीय त्रसित छन् ।

गत कार्तिक २९ गते पनि हात्तीको आक्रमणबाट सरुज्ञा नगरपालिका-४ का ७० वर्षीय गोपी चौधरीको ज्यान गएको थियो । रासस

भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स.बालाबाखर वडा नं. ६ हाल परिवर्तित शहिदनगर न.पा. वडा नं. १ मा बस्ने लिलाई यादवको नाती सरबस यादवको छोरा राज लाल यादव-१. ऐ.ऐ.मा बस्ने सरबस यादवको नाती राज कुमार यादवको छोरा सकलदेव यादव-१ र ऐ.ऐ.मा बस्ने ऐ.को नाती ऐ.को छोरा कैपिलदेव यादव-१ समेत ३ जनाले हामीहरुको बुवा/बाजे सरबस यादवको नाउँमा नापनक्सा भएको जिल्ला धनुषा गा.वि.स. बालाबाखर वडा नं.५ग कि.नं.४७ क्षेत्रफल ०-२-१२-०, ऐ.वडा नं.६क कि.नं.१०५ क्षेत्रफल ०-३-३-० र ऐ.ऐ.कि.नं.१०२ क्षेत्रफल ०-३-१०-० जग्गा दर्ता गर्न छुट भएकोमा जग्गाधनी सरवस यादवको मिति २०६०/१०/१५ मा मृत्यु भई निजको हकभोग अपुताली खाने हकदार एकमात्र पत्नि संसरिया देवीको मिति २०६२/११/०२ मा मृत्यु भई निज मृतकहरुको हकभोग अपुताली खाने हकदार जेठा छोरा राज कुमार यादव र कान्छा छोरा राज लाल यादव भएकोमा राज कुमार यादवको मिति २०७९/०१/२९ मा मृत्यु भई निजको हकभोग अपुतली खाने हकदार एकमात्र पन्नी इसर देवी यादव भएकोमा निजको पनि मिति २०७७/०१/०१ मा मृत्यु भै सकेकोले निजको हकभोग खाने जेठा छोरा सकलदेव यादव-१ र कान्छा छोरा कपिलदेव यादव-१ भएकोले हामीहरु राज लाल यादव-१, सकलदेव यादव-१ र कपिलदेव यादव-१ समेत ३ जनाको संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.६३२४ मिति २०८३/०७/१० गतेको माग निवेदन बमोजिम हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी मिति २०८३/०४/०७ को आदेशानुसार यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः निवेदककोको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून वमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

तपसिल

क्षेत्र	वडा नं.	कि.नं.	क्षे.फ.	दर्ताबाला
बालावाखर	५ग	४७	०-२-१२	यो जग्गा कुम्भकरण बस्ने सरबस यादवको नम्बरी हो भनी सही गर्ने वा.स. सही रामपरी जादव
बालाबाखर	६क	१०५	०-३-३	यो जग्गा पं. वालावाखर वार्ड नं.६ बस्ने सरबस/सर्वस राउत ग्वारको नम्बरी हो भनी सही गर्ने वा. स. सही रामपरी जादव
बालावाखर	६क	१०२	०-३-१०	

'अनुसन्धान र नवप्रवर्तनमा लगानी वृद्धि सरकारको प्राथमिकता हो'

काठमाण्डु । विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले मुलुकको अर्थतन्त्र सबल तुल्याउन वर्तमान सरकारले अनुसन्धान र नवप्रवर्तनमा लगानी बढाउन हरसम्भव प्रयत्न गरिरहेको बताउनुभएको छ ।

यहाँस्थित इजरायली राजदूतावासमा मङ्गलबार अपराह्न 'इजरायल साइबर तथा कृत्रिम बौद्धिकता' विषयमा आयोजित कार्यक्रममा उहाँले वर्तमान सरकारले नवप्रवर्तन र अनुसन्धानलाई उच्च प्राथमिकता दिएर बेग्लै मन्त्रालयसमेत स्थापना गरेको बताउनुभयो ।

" सम्माननीय प्रधानमन्त्री अनुसन्धान र नवप्रवर्तनका माध्यमबाट नै राष्ट्रलाई समृद्धिको मार्गमा अग्रसर गराउनुपर्छ भन्नेमा दृढ हुनुहुन्छ," सरकारले पहिलोपटक पुँजीगत खर्चको एक प्रतिशत रकम अनुसन्धान तथा नवप्रवर्तनका लागि छुट् याएको जानकारी दिँदै मन्त्री पुनले भन्नुभयो ।

कृत्रिम बौद्धिकता, साइबर सुरक्षा, ड्रोन, कृषि तथा जैविक चिकित्सा इन्जिनियरिङ्गलगायत क्षेत्रमा नवप्रवर्तन केन्द्र स्थापना गर्ने योजना सरकारको रहेको उहाँले बताउनुभयो ।

नेपालका लागि इजरायली राजदूत श्मुलिक एरी बासले साइबर सुरक्षा र कृत्रिम बौद्धिकता क्षेत्रमा इजरायलले हासिल गरेको अनुभव प्रस्तुत गर्दै ज्ञान आदानप्रदान तथा संस्थागत साझेदारीमार्फत नेपालसँग प्रविधि र नवप्रवर्तनको क्षेत्रमा सहकार्य विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको उक्त दूतावासले जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

त्यस अवसरमा चार सदस्यीय इजरायली प्रतिनिधिमण्डलले इजरायल- नेपाल सम्बन्धबारे चर्चा गर्दै कृत्रिम बौद्धिकता र नवप्रवर्तनका विविध आयामबारे जानकारी दिएको थियो । नेपालको भौगोलिक वनोट र अनुकूल मौसमका कारण नेपाललाई साइबर सुरक्षाको केन्द्रका रूपमा विकास गर्न सकिने प्रमण्डलको भनाइ थियो । रासस

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०८/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिकी वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	शाखा कार्यालय : बर्दिबास, महोत्तरी
	ऋणीको नाम, ठेगाना
१.	**नाम : डि.एम. कृषी फर्म** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी प्रा.फ.नं. ३९३६/२/०७१/०७२, दर्ता मिति : २०७२/०२/०५, पान नं. ६०३१९९६८६, दर्ता मिति : २०७२/०२/०७ ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १०, **प्रोप्राइटर : दिपक कुमार पुर्वछाने**
	ऋणी तथा जमानतकर्ताको विवरण
	नाम : दिपक कुमार पुर्वछाने ना.प्र.नं. ०४९६२६३२२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५७/०८/२२ बाबुको नाम : मकर बहादुर पुर्वछाने, बाजेको नाम : हरी बहादुर पुर्वछाने ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. १०, हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५
	जमानतकर्ताको विवरण
	१. नाम : समीर पुर्वछाने ना.प्र.न. १८-०५-७४-००२५१, जि.प्र.का. महोत्तरी जारी मिति : २०७४/०२/०८ बाबुको नाम : दिपक कुमार पुर्वछाने बाजेको नाम :मकर बहादुर पुर्वछाने ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. १० हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५ **२. नाम : मनमाया पुर्वछाने** ना.प्र.नं. १८३०७३/११०९, जि.प्र.का. महोत्तरी जारी मिति : २०६३/१०/०८ पतिको नाम : दिपक कुमार पुर्वछाने ससुराको नाम : मकर बहादुर पुर्वछाने ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. १० हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५
	३. नाम : सुधिर पुर्वछाने ना.प्र.न. १८-०५-७७-००११९, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/०४/१४ बाबुको नाम : दिपक कुमार पुर्वछाने, बाजेको नाम : मकर बहादुर पुर्वछाने ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. १०, हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ५
	धितोको विवरण
	१. दिपक कुमार पुर्वछाने नाममा मालपोत कार्यालय बर्दिबास महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगञ्ज वडा नं. ६ घ स्थित कित्ता नं. ५९९ को क्षेत्रफल ०-२-८-१३ को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. धनी ज्योति विकास भई ऋणी दिपक कुमार पुर्वछानेको नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको प्र २-०३-००१ ख ४३५५ को च्यासिस नं. MC2H3JRCOMC189490, इन्जिन नं. E423CDMC344771 को VE COMSILAL LTD रहेको सवारी साधन थान १ ।
क्र.सं.	शाखा कार्यालय : चपुर, रौतहट
	ऋणीको नाम, ठेगाना
१.	**नाम : रतन गल्ला भण्डार** प्रदेश सरकार, प्रदेश - २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यलय, रौतहट, गौर दर्ता नं. ६८०६/५०६/७२/४१, दर्ता मिति : २०७५/०९/१५, पान नं. ६०८९७७२२३, दर्ता मिति : २०७५/०९/१६ ठेगाना : रौतहट जिल्ला, सखुअवा धमौरा वडा नं. १, हाल : रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ७ **प्रोप्राइटर : लाल बाबु साह**
	जमानतकर्ताको विवरण
	१. नाम : लाल बाबु साह ना.प्र.नं. ३२२०८४/४९७४, जि.प्र.का. रौतहट जारी मिति : २०६७/१०/१७ बाबुको नाम : सर्वजित साह कानु बाजेको नाम : राम औतार साह कानु ठेगाना : रौतहट जिल्ला, सखुअवा धमौरा वडा नं. १ हाल : रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ७ **२. नाम : सर्वजित साह कानु** ना.प्र.नं. ७६३, जि.प्र.का. रौतहट जारी मिति : २०४४/११/१८ बाबुको नाम : राम औतार साह कानु बाजेको नाम : लक्षमन साह कानु ठेगाना : रौतहट जिल्ला, सखुअवा धमौरा वडा नं. १ हाल : रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ७
	३. नाम : सविता कुमारी ना.प्र.नं. १७५, जि.प्र.का. रौतहट, जारी मिति : २०५५/११/०४ पतिको नाम : लाल बाबु साह, ससुराको नाम : सर्वजित साह कानु ठेगाना : रौतहट जिल्ला, औरैया वडा नं. ४, हाल : रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ७
	धितोको विवरण
	१. सविता कुमारीको नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ११२९ र ११२३ को क्षेत्रफल क्रमशः ०-०-९१/४ र ०-०-८१/४ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. सर्वजित साह कानुको नाममा मालपोत कार्यालय चन्द्रपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ११६० र ११६३ को क्षेत्रफल क्रमशः ०-०-३३/४ र र ०-०-२१/४ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

नगराईन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगराईन, धनुषा

मधेश प्रदेश नेपाल

करारमा पदपूर्ति गर्ने सम्बन्धमा संशोधित सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०७

नगराईन नगरपालिका अन्तर्गत म स्वस्थ्य, मेरो समुदाय स्वस्थ्यः घर टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि, आधार भूत स्वास्थ्य केन्द्रहरुका लागि र सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमका लागि निम्न सेवाको पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल अनुसारको योग्यता भएका इच्छुक नेपाली व्यक्तिले प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको परिक्षा दस्तुर बुझाएको राजश्व रसिद (अनलाईन बुझाएको सो को भौचर) सहित यस नगराईन नगरपालिका नगर कार्यपालिकाको कार्यालय, नगराईन, धनुषामा दरखास्त दिनका लागि यो सुचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त भएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

तपशिल

क्र.सं.	विज्ञापन नं.	पद	तह	सेवा प्रकार	मांग	परिक्षा दस्तुर
१	०१-२०८३/०८४	जनस्वास्थ्य अधिकृत	सातौं	करार	१	१०००
२	०२-२०८३/०८४	हे.अ.	पाँचौ	करार	४	७००
३	०३-२०८३/०८४	अ.न.मी./स्टाफ नर्स	चौथो/पाँचौ	करार	४	७००
४	०४-२०८३-०८४	मनोसामाजिक परामर्शकर्ता	पाँचौ	करार	१	७००

१. आवश्यक न्यनतम योग्यता, अनुभव र उमेर

पद/तह	आवश्यक शैक्षिक योग्यता	उमेर
जनस्वास्थ्य अधिकृत	मान्यता प्राप्त शैक्षिक संस्थाबाट BPH कोर्स उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भई नविकरण गरेको ।	पुरुषको हकमा कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
हे.अ.	मान्यता प्राप्त शैक्षिक संस्थाबाट हे. अ. (जेनरल मेडिसिन) कोर्स उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भई नविकरण गरेको ।	
अ.न.मी./स्टाफ नर्स	मान्यता प्राप्त शैक्षिक संस्थाबाट अनमी/स्टाफ नर्स कोर्स उत्तीर्ण गरी नेपाल नरसिंग काउन्सिलबाट दर्ता प्रमाणपत्र प्राप्त गरेको र नविकरण भएको ।	
मनोसामाजिक परामर्शकर्ता	मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्धालयवाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलीङ उत्तीर्ण गरेको	पुरुषको हकमा कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

२. आवश्यक कागजातहरू

- दरखास्त पाउने स्थान नगराईन नगरपालिका नगर कार्यपालिकाको कार्यालय नगराईन, धनुषा वा वेवसाइट www.nagrainmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
- दरखास्त दिने अन्तिम मिति २०८३/०८/२१ गते कार्यालय समयभित्र । (दरखास्त दिने दिनको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको अर्को दिन दिनको १२ बजे सम्म मात्र)
- छनौटको किसिम प्रारम्भिक योग्यता क्रमको सुची प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
- **परीक्षाको किसिम:** लिखित तथा अन्तर्वार्ता मात्र । लिखित परीक्षाको नतिजासंगै अन्तर्वार्ताको मिति तोकिने छ ।
- **आवेदन तथा संलग्न कागजातहरु :** कार्यालयले तयार गरेको आवेदन फारम रित पुर्वक भरी आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरू :-
  - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम् शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाण पत्रको प्रिलिपि, काउन्सिल / परिषद दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातको प्रतिलिपि र २ प्रति पासपोर्ट आकारको फोटो ।
- विज्ञापन नं ०४-२०८३/०८४ को हकमा मनोसमाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्तगरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoiint, Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।
- **सेवा सुविधा :** करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

बेवास्ताले कटहरियाको अस्पताल अधुरै

टुडे समाचारदाता

रौतहट । रौतहटको कटहरिया नगरपालिकामा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण सुरु गरिएको १५ शैयाको प्राथमिक अस्पताल भवन लामो समयदेखि अझै अधुरै छ । नगरपालिकाले समयमा बजेट उपलब्ध नगराउँदा अस्पताल निर्माणको काम झण्डै एक वर्षदेखि ठप्प रहेको निर्माण व्यवसायीले बताएका छन् ।

२०७७ साल मंसिर १५ गते विधिपूर्वक पूजापाठ गरी अस्पताल भवनको शिलान्यास गरिएको थियो। स्थानीय तहसम्म स्वास्थ्य सेवा विस्तार गर्ने सरकारको योजनाअन्तर्गत देशभर एकैसाथ अस्पताल भवन निर्माणको कार्यक्रम अघि बढाइएको थियो ।

स्वास्थ्य मन्त्रालयको प्रारम्भिक योजनाअनुसार करिब १८ करोड रुपैयाँ लागतमा टेन्डर आह्वान गरिएको थियो। महालक्ष्मी-जय धनञ्जय चौधरी जेबीले निर्माणको ठेक्का पाएको थियो। सुरुमा मन्त्रालयबाट नक्सा पास नभई टेन्डर प्रक्रिया अघि बढाइएको र मन्त्रालयको डिजाइनअनुसार नक्सा पास गराउन करिब दुई वर्ष लागेको निर्माण कम्पनीका प्रमुख उपेन्द्र जयसवालले बताएका छन् ।

नयाँ नक्साअनुसार अस्पताल भवनको कुल लागत १६ करोड रुपैयाँ पुगेको थियो। त्यसअनुसार नेपाल सरकारले ११ करोड रुपैयाँ र कटहरिया नगरपालिकाले ५ करोड रुपैयाँ उपलब्ध गराउने सम्झौता भएको थियो ।

२०७९ सालको स्थानीय तह निर्वाचनमा अजय प्रकाश जैसवाल नगरप्रमुख निर्वाचित भएपछि उनको सल्लाह तथा नक्साअनुसार भवन निर्माणको काम अघि बढाइएको थियो। निर्माण कार्य निरन्तर चलिरहेको अवस्थामा नगरपालिकाले आफ्नो हिस्साको रकम भुक्तानी नगरेपछि समस्या उत्पन्न भएको निर्माण व्यवसायीको भनाइ छ ।



भुक्तानी अभावमा निर्माण अवरुद्ध

निर्माण व्यवसायी उपेन्द्र जयसवालका अनुसार अस्पताल भवनको करिब ६० प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ। निर्माणको मूल्यांकनका आधारमा नेपाल सरकारबाट झण्डै ९ करोड रुपैयाँ भुक्तानी प्राप्त भएको उनले बताए ।

तर नगरपालिकाले सम्झौताअनुसार उपलब्ध गराउनुपर्ने ५ करोड रुपैयाँमध्ये हालसम्म एक रुपैयाँ पनि भुक्तानी नगरेको उनको दाबी छ ।

नगरपालिकाबाट किस्ताको रकम माग गर्दा मेयर अजय प्रकाश जैसवालले रकम उपलब्ध गराउने आश्वासन दिए पनि व्यवहारमा भुक्तानी नभएको निर्माण व्यवसायीको भनाइ छ ।

उनका अनुसार नगरपालिकाले समयमै रकम उपलब्ध गराएको भए २०८२ साल असारमै अस्पताल भवन निर्माण सम्पन्न गरी हस्तान्तरण गर्न सकिने थियो। तर बजेट अभावका कारण काम रोकिएको र अब नयाँ जनप्रतिनिधि आएपछि मात्रै निर्माणले गति लिने अवस्था बनेको उनले बताए ।

कमीशनको आरोप

कटहरिया नगरपालिका वडा नम्बर ४ का अध्यक्ष चन्दन कुशवाहालेनगरप्रमुख जैसवालमाथि ठोस भौतिक विकासका योजनामा पर्याप्त बजेट विनियोजन नगरेको आरोप लगाएका छन्।

उनले मेयर निर्वाचित भएदेखि नै अस्पतालजस्ता महत्वपूर्ण विकास योजनामा बजेट अभाव देखिएको तर कागजमा सम्पन्न हुने काम, सवारीसाधनको इन्धन तथा ज्यालादारी कर्मचारीको तलबलगायतका शीर्षकमा करोडौं रुपैयाँ खर्च भएको दाबी गरेका छन् ।

वडा अध्यक्ष कुशवाहाले नगरपालिकाको बजेट व्यवस्थापनमा अनियमितता र भ्रष्टाचार भएको आरोपसमेत लगाएका छन्। यद्यपि, उक्त आरोपबारे सम्बन्धित निकायबाट छानबिन तथा पुष्टि भएको विवरण सार्वजनिक भएको छैन ।

कटहरियाको १५ शैयाको अस्पताल भवन निर्माणमा भएको ढिलाइले स्थानीय सरकारको विकास प्राथमिकता र सार्वजनिक बजेट व्यवस्थापनमाथि गम्भीर प्रश्न उठाएको छ ।

२०७७ सालमा शिलान्यास गरिएको अस्पताल भवन वर्षौं बितिसक्दा पनि अधुरै रहनु र निर्माण व्यवसायीले भुक्तानी नपाएको दाबी गर्नुले स्थानीय नागरिकको स्वास्थ्य सेवासँग जोडिएको महत्वपूर्ण आयोजना अलपत्र परेको देखिन्छ । यस बारे प्रतिक्रिया लिन मेयर जैसवाल संग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन ।

भारतीय गाडीलाई सहुलियत दिनुपर्ने मुख्यमन्त्रीको माग

टुडे समाचारदाता

जनकपुरधाम । मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले भारतीय गाडीलाई मधेश प्रदेश लगायतका सीमानाकामा छुटपुर्जीसहितको सहुलियत दिन माग गरेका छन ।

अयोध्या-जनकपुरधाम रेल सेवा शुभारम्भ स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले सीमावर्ती क्षेत्रबाट जनकपुरधाम लगायत मधेश प्रदेशका जिल्लाहरुमा आउने भारतीय सवारी साधनलाई पहिला २४ घण्टाको छुट पुर्जीसहितका सहुलियत दिन माग गरे ।

मधेश प्रदेशका जिल्लाहरुमा धार्मिक पर्यटन लगायत व्यक्तिगत काममा आउने भारतीय यात्रीहरुलाई नेपाल सरकार र प्रहरीबाट अनावश्यक दुख दिने गरिएको गुनासो गरे । उनले थप्दै भने सीमामा गाडीबाट आउने भारतीय पर्यटकहरुलाई यहाँका सरकारका निर्देशनमा प्रहरी तथा भन्सारमा दिने गरिएको दुखले पर्यटक मात्र घटेको होइन, यहाँको बेटीरोटीको सम्बन्धमा गम्भीर असर परेको छ ।

मुख्यमन्त्री यादवले सीमामा भारतीय गाडीको प्रवेशमा सहजता दिन आफू पहिलो पटक मुख्यमन्त्री बनेको बेला नै वर्तमान सरकारका नेतृत्वकर्ता रास्वपा सभापति रवि लामिछानेलाई उहाँ गृहमन्त्री हुँदा माग राखेको थिए । र आजसम्म संघीय सरकारलाई घचघचाउँदै आएको छु, तर आजसम्म पुरा भएको छैन दुखेसो पोखे ।

अयोध्यादेखि जनकपुरधामसम्म रेल सेवा सञ्चालन हुनु केही वर्षअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको भ्रमणको परिणाम भएको भन्दै उनले दुवै जनालाई धन्यवाद दिए । रेल सेवाले अयोध्या र जनकपुरबिचको सम्बन्धलाई अनन्तकालसम्म एक सूत्रमा बाँध्ने उनको विश्वास छ ।



यसका साथै उनले अयोध्यादेखि जनकपुरधामसम्म रेल सेवा सुरु हुनु केही वर्षअघिको भ्रमणकै उपज भएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले भने, 'भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथप्रति धन्यवाद व्यक्त गर्छु, तर रेलसँगै अयोध्यादेखि जनकपुरधामसम्म हवाई सेवा पनि सञ्चालन गर्नुपर्छ ।'

यसैगरी, जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले अयोध्या-जनकपुरधाम रेल कनेक्टिभिटीले नेपाल र भारतबिचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध थप प्रगाढ बनाउने विश्वास व्यक्त गरे । नेपाल र भारतका प्रधानमन्त्रीद्वारा संयुक्त रूपमा उद्घाटन गरिएको रेल सेवाले अयोध्या र जनकपुरधामलाई जोड्दै धार्मिक पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उनको भनाइ छ ।

रेल सेवाले दुवै धार्मिक नगरीको पर्यटन व्यवसायलाई उकास्नुका साथै जनकपुरधाम र अयोध्याका नागरिकको आर्थिक समृद्धिमा समेत टेवा पुऱ्याउने महन्त वैष्णवले बताए । रेल कनेक्टिभिटीले दुवै सहरलाई जोडेकोमा खुसी व्यक्त गर्दै उनले भने, 'यसले हामीलाई अनन्तकालसम्म एक सूत्रमा बाँधेर यो धार्मिक र सांस्कृतिक नगरीको पर्यटन व्यवसायलाई उकास्ने विश्वास लिएका छौं ।'

उनले जनकपुरधामवासी मात्र नभई अयोध्यावासीले समेत यसबाट समृद्धि पाउने उल्लेख गर्दै भगवान् रामको दर्शनपछि माता सीताको नगरी जनकपुरधाम पुगेर धार्मिक यात्रा पूर्ण गर्ने श्रद्धालुहरूको अभिलासा रेल सेवाले सहज बनाएको बताए ।

के गर्नेछ दोश्रो चरणको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन

टुडे समाचारदाता

वीरगञ्ज । प्रधानमन्त्री बालेन्द्र साह (बालेन) को भर्खरै सकिएको भारत भ्रमणको क्रममा नेपाल र भारतबीच पेट्रोलियम पूर्वाधार सहकार्य अन्तर्गत बनेको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन दोस्रो चरणको आयोजनाको सोमबार (मंसिर ७) औपचारिक उद्घाटन भएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीस्थित हैदराबाद हाउसमा संयुक्त रूपमा स्विच थिच्दै दोस्रो चरणअन्तर्गतका पूर्वाधारको उद्घाटनसँगै सञ्चालनमा आएको छ ।

दोस्रो चरणको पाइपलाइन बनेपछि पेट्रोल आयात सुरु भइसकेको जानकारी नेपाल आयल निगमका प्रवक्ता मनोज ठाकुरले दिएका छन् ।

"यसबाट पेट्रोल आयात सुरु भइसकेको थियो । आज दुई देशका प्रधानमन्त्रीले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो," उनले भने, "आज नयाँ पाइपलाइन सञ्चालनको सुरुवातभन्दा पनि बनिसकेको आयोजनाको औपचारिक उद्घाटन भएको हो ।"

नेपालमा पेट्रोलियम पदार्थको सहज, सुरक्षित र कम लागतमा आपूर्ति गर्ने उद्देश्यले मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन आयोजना अघि बढाइएको थियो । नेपाल र भारतबीच सन् २०१४ अगस्टमा यससम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो। त्यसपछि भारतीय आयल कर्पोरेसन (आईओसी) र नेपाल आयल निगमको सहकार्यमा आयोजना अघि बढेको थियो ।

निकै चर्चामा रहेका दोस्रो चरणअन्तर्गत अमलेखगञ्ज डिपोमा डिजेल र पेट्रोल भण्डारणका लागि चारवटा नयाँ भण्डारण ट्यांकी निर्माण गरिएका छन्। त्यसैगरी एउटै पाइपलाइनबाट पेट्रोल र डिजेल पठाउँदा बीचमा मिसिन सक्ने इन्धन छुट्टै भण्डारण तथा व्यवस्थापन गर्न दुईवटा साना ट्रान्समिक्स ट्यांकी निर्माण गरिएको छ ।



यसबाहेक विद्युतीय प्रणाली सञ्चालन गर्न पीएमसीसी भवन, ट्यांकर जाँच गर्ने गार्ड हाउस, कन्ट्रोल रुम, स्वचालित लोडिङ बे हाउस, पम्पिङ तथा अन्य आवश्यक प्राविधिक पूर्वाधार पनि निर्माण भएका छन् ।

पाइपलाइनबाट इन्धनको छुट्टाछुट्टै व्यवस्थापन, परीक्षण र वितरण गर्न सक्ने गरी डिपोको प्रणाली स्तरोन्नति गरिएको हो । यसले एउटै पाइपलाइनबाट फरक-फरक पेट्रोलियम पदार्थ आयात गर्न सम्भव बनाएको छ ।

दोस्रो चरण सञ्चालनमा आएपछि अमलेखगञ्ज डिपोको भण्डारण तथा वितरण क्षमता थप विस्तार भएको छ । उक्त डिपोले नेपालको कुल पेट्रोलियम पदार्थको मागको करिब ७५ प्रतिशतसम्म आपूर्ति व्यवस्थापन गर्दै आएको ठाकुरले जानकारी दिए ।

अमलेखगञ्जबाट थानकोट, पोखरा, भैरहवा, विराटनगर, जनकपुर, वीरगञ्जलगायत स्थानमा पेट्रोलियम पदार्थ वितरण हुँदै आएको छ । डिपो प्रमुखका अनुसार, यहाँबाट देशका करिब २० जिल्लाका सरकारी तथा निजी पेट्रोल पम्पमा इन्धन आपूर्ति हुने गरेको छ । पाइपलाइन चौबिसै घण्टा सञ्चालन गर्न सकिने भएकाले सडकमार्गमा ट्यांकरको उपलब्धता र आवागमनमा निर्भर हुनुपर्ने अवस्था पनि घटेको छ ।

निगमका अनुसार, पाइपलाइन सञ्चालन हुनुअघि भारतको बरौनीबाट अमलेखगञ्जसम्म पेट्रोल ल्याउँदा प्रतिलिटर करिब तीन रुपैयाँ ढुवानी खर्च लाग्ने गरेको थियो । पाइपलाइनमार्फत पेट्रोल ल्याउँदा उक्त खर्च घटेर प्रतिलिटर करिब ५० पैसामा सीमित भएको छ । यसले प्रतिलिटर करिब दुई रुपैयाँ ५० पैसा ढुवानी खर्च बचत गरेको छ ।

त्यस्तै, पहिले मोतिहारी तथा अन्य भारतीय डिपोबाट ट्यांकरमार्फत इन्धन ढुवानी गर्दा लाग्ने इन्धन खर्च र ढुवानी भाडाबापत मासिक करिब १५ करोड रुपैयाँ खर्च हुने गरेकामा हाल वार्षिक करिब एक अर्ब ८० करोड रुपैयाँ बचत भइरहेको निगमको भनाइ छ । पाइपलाइन सञ्चालनपछि पेट्रोलियम पदार्थको चोरी, चुहावट तथा ढुवानीका क्रममा हुने प्राविधिक नोक्सानीसमेत घटेको छ ।

त्यसैगरी पाइपलाइन सञ्चालनले वीरगञ्ज-रक्सौल नाकामा हुने ट्याङ्करको चाप कम गर्न सहयोग पुऱ्याएको छ। पहिले भारतबाट पेट्रोलियम पदार्थ बोकेका ट्याङ्करहरू नेपाल प्रवेश गरी डिपोसम्म पुग्नुपर्ने अवस्था थियो । यसले सीमा नाकामा सवारी चाप बढाउनुका साथै ढुवानीमा समय र लागत दुवै बढाउँथ्यो । पाइपलाइनबाटै इन्धन अमलेखगञ्जसम्म आइपुग्ने भएपछि त्यहाँबाट आवश्यकताअनुसार अन्य डिपोमा वितरण गर्न सहज भएको छ । यसले आपूर्ति व्यवस्थालाई नियमित, व्यवस्थित र तुलनात्मक रूपमा कम खर्चिलो बनाएको छ । सडकमार्गबाट हुने ढुवानीमा निर्भरता घट्दा सडक अवरोध, ट्यांकर अभाव र अन्य प्राविधिक समस्याका कारण आपूर्ति प्रभावित हुने जोखिमसमेत कम भएको छ ।

दोस्रो चरणको निर्माण तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका बेला ०८० जेठ १८ मा नेपाल र भारतबीच पेट्रोलियम पूर्वाधार विस्तारसम्बन्धी महत्त्वपूर्ण समझदारी भएको थियो ।

पहिलो चरणको काम सन् २०१८ अप्रिल ७ मा औपचारिक रूपमा सुरु भएको थियो । भारतको बिहारस्थित मोतिहारीदेखि नेपालको बारास्थित अमलेखगञ्जसम्म ६९ किलोमिटर लामो पाइपलाइन निर्माण गरिएको हो । यसमध्ये भारततर्फ ३२.७ किलोमिटर र नेपालतर्फ ३६.२ किलोमिटर पाइपलाइन पर्छ । करिब १० इन्च व्यासको उक्त पाइपलाइनको वार्षिक ढुवानी क्षमता २० लाख मेट्रिक टन छ ।

पहिलो चरण आयोजना सकिएपछि सन् २०१९ सेप्टेम्बर १० मा नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भिडियो कन्फ्रेन्समार्फत संयुक्त रूपमा पाइपलाइनको उद्घाटन गरेका थिए ।

पत्रकारहरुको आन्दोलन गिरफ्तारी



टुडे समाचारदाता

जनकपुरधाम । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र पत्रकारका पेशागत हकहित सुनिश्चित गर्न उद्देश्यले जारी आन्दोलनको क्रममा बुधवार नेपाल पत्रकार महासंघ धनुषा शाखाले सामूहिक गिरफ्तारी आन्दोलन गरेको छ ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयको पूर्वनिर्धारित कार्यक्रम अनुसार आयोजित आन्दोलनमा सहभागी पत्रकारहरूले विभिन्न माग तथा सरोकारका विषय उठाउँदै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

महासंघ धनुषा शाखा भवनबाट सुरु भएको पत्रकार हरूको आन्दोलन जिल्ला प्रहरी कार्यालय धनुषा हुँदै जिल्ला प्रशासन कार्यालय पुगेर सम्पन्न भएको थियो । सो क्रममा पत्रकारहरूले आफ्ना माग र सरोकार समेटिएको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेललाई बुझाएका थिए ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी लुइँटेलले महासंघले उठाएका विषय तथा मागप्रति आफू गम्भीर रहेको बताए । उनले पत्रकारहरूको माग र सन्देश तत्काल सम्बन्धित सरोकारवाला निकायसम्म पुर्याउने प्रतिबद्धतासमेत व्यक्त गरे ।

महासंघको केन्द्रीय कार्यक्रमअन्तर्गत देशभरका जिल्ला शाखाहरूमा एकैसाथ सञ्चालन गरिएको आन्दोलनमार्फत पत्रकार हरूको पेशागत सुरक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति र पत्रकारितासम्बन्धी विभिन्न समस्याको समाधानका लागि सरकार तथा सम्बन्धित निकायलाई दबाब दिने उद्देश्य राखिएको छ ।

पत्रकारिताको स्वतन्त्रता, पेशागत मर्यादा र पत्रकारका अधिकारको संरक्षणका लागि सामूहिक एकता र संस्थागत पहल आवश्यक रहेको महासंघ धनुषाका अध्यक्ष पुरन साहले बताए ।

थारु संस्कृतिको उत्थानका लागि संस्कृति तथा पर्यटन केन्द्र निर्माण

टुडे समाचारदाता

जनकपुरधाम । थारु समुदायको मौलिक भाषा, कला, संस्कृति, परम्परा तथा ऐतिहासिक पहिचानको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले महोत्तरीको भंगहा नगरपालिका-७ मा थारु संस्कृति तथा पर्यटन केन्द्रको भवन निर्माण गरिएको छ। दाताको ५० लाख रुपैयाँ आर्थिक सहयोगमा निर्माण सम्पन्न भएको उक्त भवनको उद्घाटन तथा हस्तान्तरण कार्यक्रम एक समारोहबीच सम्पन्न भएको छ ।

भंगहा नगरपालिका-७ स्थित बाबा तपसी तरसरी कुट्टीको छेउमा निर्माण गरिएको केन्द्रको नवनिर्मित भवनको उद्घाटन केन्द्रका परिकल्पनाकार एवं संरक्षक इञ्जिनियर सुदिप कुमार चौधरी र डा. निता चौधरीले संयुक्त रूपमा गरेका हुन् ।

थारु समुदायको मौलिक पहिचान, भाषा, कला, संस्कृति, परम्परा र सामाजिक रीतिरिवाजको संरक्षण गर्दै त्यसलाई भावी पुस्तासम्म हस्तान्तरण गर्ने दीर्घकालीन उद्देश्यका साथ केन्द्रको भवन निर्माण गरिएको केन्द्रका अध्यक्ष रामनारायण चौधरीले जानकारी दिए ।

उनका अनुसार थारु समुदायको सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्द्धनमा व्यक्तिगत रूपमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका केन्द्रका संरक्षकद्वय इन्जिनियर सुदिप कुमार चौधरी र डा. निता चौधरीले भवन निर्माणका लागि ५० लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।



आफ्नै समुदायको मौलिक भाषा, कला, संस्कृति, परम्परा र पहिचानको संरक्षण तथा संवर्द्धन गर्ने सामाजिक उत्तरदायित्वबोधका साथ उनीहरूले व्यक्तिगत रूपमा उक्त रकम उपलब्ध गराएको अध्यक्ष चौधरीले बताए ।

भवन निर्माण सम्पन्न भएसँगै थारु संस्कृति तथा पर्यटन केन्द्रलाई समुदायको सांस्कृतिक गतिविधि सञ्चालन, मौलिक भाषा तथा कलाको संरक्षण, परम्परागत ज्ञान र सीपको अभिलेखीकरण तथा सामाजिक रीतिरिवाजको प्रवर्द्धन गर्ने साझा संस्थागत थलोका रूपमा विकास गर्ने अपेक्षा गरिएको छ ।

केन्द्रमार्फत थारु समुदायका मौलिक नाचगान, भेषभूषा, लोककला, लोकसाहित्य, परम्परागत खानपान, चाडपर्व तथा सांस्कृतिक अभ्यासको संरक्षण र प्रचारप्रसारमा सहयोग पुग्ने विश्वास गरिएको छ । यसका साथै नयाँ पुस्तालाई आफ्नो पुख्यौंली संस्कृति, परम्परा र पहिचानबारे जानकारी गराउँदै त्यसप्रति अपनत्व र गौरवको भावना विकास गर्न पनि केन्द्रले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

केन्द्रको भवन उद्घाटनको अवसर पारेर मंगलबारदेखि केन्द्र परिसरमा दुईदिने विविध सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको छ। कार्यक्रमअन्तर्गत बुधबार उक्त क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदायले परम्परागत रूपमा मनाउँदै आएको सामाचकेवा पर्वको विशेष प्रदर्शन गरिएको केन्द्रका अध्यक्ष रामनारायण चौधरीले जानकारी दिए ।

सामाचकेवा पर्व मिथिला क्षेत्रको महत्वपूर्ण लोकसंस्कृति र परम्परासँग जोडिएको पर्व हो । यस पर्वको विशेष प्रदर्शनले स्थानीय समुदायबीच सांस्कृतिक आदानप्रदान, आपसी सद्भाव र सामाजिक एकतालाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ । यसका साथै यस्ता सांस्कृतिक प्रस्तुतिले नयाँ पुस्तालाई परम्परागत लोकसंस्कृतिबारे जानकारी गराउन र त्यसको निरन्तरतामा सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

थारु संस्कृति तथा पर्यटन केन्द्रको स्थापना र भवन निर्माणले थारु समुदायको सांस्कृतिक पहिचानलाई स्थानीयस्तरमा मात्र सीमित नराखी व्यापक रूपमा परिचित गराउन सहयोग पुग्ने स्थानीयवासीहरु बताउँछन् ।

विज्ञापन कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,
- सञ्चार माध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं,
- सरकारी निकायले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए, विज्ञापन बोर्डमा सम्पर्क गरौं।

विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८